झिमरुक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते, प्युठान

लुम्बिनी प्रदेश,नेपाल

## झिमरुक गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि,२०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/९/१८

# झिमरुक गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

**प्रस्तावना**

नेपालको संबिधानले नागरिकको मौलिक हकको रुपमा निशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जनस्वास्थ्य ऐन २०७५ र सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ लगायतका कानुनी व्यवस्था बमोजिम संविधानले सुनिश्चित गरेको मौलिक अधिकारलाई कार्यान्वयन गर्न राज्य तथा नागरिकको दायित्व र कर्तव्यलाई प्रष्ट पारेका छन् । यस परिप्रेक्ष्यमा संविधानले स्थानीय तहको एकल अधिकारको रुपमा स्थापित गरेको र जनस्वास्थ्य ऐन २०७५ र जनस्वास्थ्य नियमावली २०७७ ले निर्दिष्ट गरेको आधारभूत स्वास्थ्य सेवा प्रवाह गरी नागरिकको समान पहुँच र उपभोग सुनिश्चित गर्दै संघीय संरचनामा सुशासन सहित गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्नु झिमरुक गाउँपालिकाको दायित्व हो । स्वास्थ्य क्षेत्रको विकास नै समग्र विकासको आधार भएकोले स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरुलाई विकासका प्रमुख सुचकका रुपमा लिइन्छ । मानव विकास सूचकाङ्कमा सुधार ल्याई पालिकाको समग्र विकासका लागि गुणस्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न गाउँपालिकाले आवश्यकता महसुस गरेको छ । स्वास्थ्य र विकास अन्तर सम्बन्धित भएकोले गरीब, दुरदराजका नागरिकहरु अझै पनि बञ्चितीकरणमा परेको समुदायलाई सेवाको मूलप्रवाहिकरणमा ल्याई मानव विकास सूचकाङ्कमा सुधार ल्याउन आवश्यक छ ।

कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी बिपद व्यवस्थापन तत्काल गर्नु, गाउँपालिका भित्र हुने नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बिद्यमान रहेको सर्ने रोगको व्यप्तता तथा बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरीब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु यस गाउँपालिकाले जिम्मेवारी बोध गरेको छ ।

आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी स्वास्थ्य सेवामा गाउँपालिकावासीहरुको समान पहुँच स्थापित गर्ने सँगै संघीय संरचनामा स्वास्थ्य सेवा प्रणालीको विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सामना गरेर गाउँपालिकाबासीको स्वास्थ्य प्रवर्धन, रोगहरुको रोकथाम, उपचार तथा पुनःस्थापना गर्न झिमरुक गाउँपालिकाको स्वास्थ्य नीति २०८० को दफा ६.१ बमोजिमको उदेश्य कार्यान्वयनमा सहयोग पुर्याउन, सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापनका लागि झिमरुक गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम झिमरुक गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई स्थापना, संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ ।

(२) यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(१) संविधान भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(२) सामुदायिक स्वास्थ्य इकाई भन्नाले झिमरुक गाउँपालिकाको स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका यस पालिका भित्रमा स्थायी वा अस्थायी बसोबास गर्ने महिला, बालबालिका, गरिव, तथा सीमान्तकृत वर्ग तथा समुदायको गुणस्तरिय आधारभूत स्वास्थ्य सेवामा पहुँच पुर्याई आम नागरिकको स्वास्थ्यमा सुधार ल्याउनको लागि ल्याइएको विशेष स्वास्थ्य कार्यकम भनी बुझ्नु समुदायहरू सम्झनु पर्दछ।

(४) गाउँपालिका भन्नाले झिमरुक गाउँपालिका भन्ने सम्झनु पर्नेछ ।

**३. सामुदायिक स्वास्थ्य इकाई रहने स्थानहरु** :

(१) हालको लागि भौतिक पूर्वाधार तयार भएका तपसिल बमोजिमका स्थानहरुमा सामुदायिक स्वास्थ्य इकाई गठन गरी सेवा सञ्चालनमा ल्याइनेछ।

(क) झिमरुक गाउँपालिकाको वडा नं. २ बाँदिकोट (साविक बाँदिकोट गा.बि.स. वडा न. ७ को देउराली )

(ख) झिमरुक गाउँपालिकाको वडा नं. ५ को ओखरकोट (साविक ओखरकोट गा.बि.स. वडा न. ५ ओखरकोट )

(ग) झिमरुक गाउँपालिका वडा नं.७ को कुता (साविक तुषारा गा.बि.स. वडा न. ८ कुता )

(२) झिमरुक गाउँ कार्यपालिकाले पछि आवश्यकता महशुस गरि निर्णय गरेमा आधारभूत स्वास्थ्य सेवाको पहुँच नपुगेका स्थानहरुमा क्रमश थप सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी सेवा संचालनमा ल्याइनेछ।

**४. कर्मचारी सम्वन्धी व्यवस्था र दरवन्दी :**

४.१ सामुदायिक स्वास्थ्य इकाई सञ्चालन गर्न देहाय बमोजिमको जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछ ।

(क) हे.अ./अ.हे..व. मध्ये एक जना

(ख) स्टाफ नर्स/अ.न.मी. मध्ये बाट एक जना

(ग) कार्यालय सहयोगी एक जना

४.२ दफा ४.१ बमोजिमको जनशक्तिको पदपूर्ति व्यवस्थापन नहुँदा सम्म सम्बन्धित वडाको स्वास्थ्य सस्था वा पालिका अन्तर्गतका अन्य स्वास्थ्य सस्थाबाट स्वास्थ्यकर्मी खटाई कामकाज गराउन सकिनेछ।

४.३ पारिश्रमिक तथा सेवा सुविधा सम्वन्धी व्यवस्था

उपरोक्त बमोजिमको जनशक्तिको व्यवस्था झिमरुक गाउँपालिकाको गाउँसभाबाट विनियोजित रकमबाट तलवभत्ता दिने गरि सेवा करार लिने व्यवस्था मिलाइने छ। यसरी नियुक्ति हुने स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीको सेवा सुविधा झिमरुक गाउँपालिकाबाट व्यहोरिने छ साथै सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत स्वास्थ्यकर्मी अन्य कर्मचारीहरुको पारिश्रमिक दुइपक्षिय संझौता बमोजिम लागू हुनेछ। जनसंख्या, भौगोलिक अवस्था र विरामीको चापको आधारमा र कार्य विवरणको अवस्था हेरी थप स्वास्थ्य प्राविधिक जनशक्तिको आवश्यकता गर्नुपर्ने भए पछि थप जनशक्तिको व्यवस्था गर्न पनि सकिने छ।

४.४ प्रक्रिया: झिमरुक गाउँपालिकामा करारमा जनशक्ति व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि २०७५ बमोजिम हुनेछ।

**५. सामुदायिक स्वास्थ्य इकाई सञ्चालन तथा ब्यबस्थापन**

५.१ सामुदायिक स्वास्थ्य इकाईको सञ्चालन, रेखदेख र समन्वय सम्बन्धित सामुदायिक स्वास्थ्य इकाई स्वास्थ्य व्यवस्थापन समिति, वडा कार्यालय, स्वास्थ्य सस्था र गाउँपालिकाले गर्ने छ।

५.२ सामुदायिक स्वास्थ्य इकाईलाई आवश्यक पर्ने औषधी, औजार उपकरण, फर्निचर, मसलन्द लगायत कार्यालय संचालन सम्बन्धि सामग्रीहरुको आपूर्ति व्यवस्था झिमरुक गाउँपालिकाले गर्नेछ।

५.३ सामुदायिक स्वास्थ्य इकाईमा काम गर्ने कर्मचारीहरुको व्यवस्थापन तथा कामको रेखदेख सम्बन्धित सामुदायिक स्वास्थ्य इकाई ब्यबस्थापन समिति, वडा कार्यालय, स्वास्थ्य सस्था र गाउँपालिकाले गर्नेछ।

५.४ सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण, मर्मत सम्भारका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने जिम्मेवारी झिमरुक गाउँपालिकाको हुनेछ।

५.५ सामुदायिक स्वास्थ्य इकाईबाट सेवा प्रवाह गर्दा कम्तीमा सामान्य उपचारात्मक सेवा, खोप सेवा, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा, पोषण स्वास्थ्य सेवा, सर्ने तथा नसर्ने रोगहरुको रोकथाम परामर्श तथा स्क्रिनिङ्ग सेवा, औषधी वितरण, स्वास्थ्य प्रवर्द्धन जनचेतना अभिबृद्धि लगायत स्वास्थ्य आमा समूह, समुदाय केन्द्रित तोकिएका अन्य स्वास्थ्य सचेतिकरण र स्वास्थ्य अभियानका सेवा प्रवाहको सुनिश्चितताको व्यवस्था झिमरुक गाउँपालिकाले गर्नु पर्नेछ।

५.६ सामुदायिक स्वास्थ्य इकाईले सेवा दिएका सेवाग्राहीहरुको विवरण स्वास्थ्य ब्यबस्थापन सूचना प्रणालीका बिभिन्न सेवा रजिष्टरमा अनिवार्य अभिलेख राखि मासिक रुपमा सम्वन्धित वडाको स्वास्थ्य सस्था मार्फत गाउँपालिकामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

**६. सामुदायिक स्वास्थ्य इकाई स्तरीय स्वास्थ्य ब्यबस्थापन समिति गठन**

६.१ झिमरुक गाउँपालिकामा स्थापना हुने सामुदायिक स्वास्थ्य इकाईको सञ्चालन, रेखदेख र समन्वय व्यवस्थापन गर्न देहाय बमोजिम ९ सदस्यि स्वास्थ्य व्यवस्थापन समिति गठन हुने छ।

(क) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्बन्धित बडाको वडा अध्यक्ष- अध्यक्ष

(ख) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्बन्धित वडाको दलित महिला सदस्य-सदस्य

(ग) सामुदायिक स्वास्थ्य इकाई रहेको सम्बन्धित स्वास्थ्य चौकी प्रमुख- सदस्य

(घ) समुदायिक स्वास्थ्य इकाई रहेको सम्यन्धित टोलको महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका मध्ये १ जना

(ङ) सेवाग्राहीबाट छानिएका कम्तीमा एक जना महिला सहित ३ जना- सदस्य

(च) स्थानीय विद्यालयको शिक्षकहरु मध्येबाट १ जना

(छ) सम्वन्धीत वडाको सामुदायिक स्वास्थ्य इकाईको प्रमुख-सदस्य सचिव

(ज) उप दफा (६) को ६.१ बमोजिमको समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सामुदायिक स्वास्थ्य ईकाइको बैंक खाता सञ्चालन हुनेछ।

**७. सामुदायिक स्वास्थ्य इकाईको जग्गा तथा भवन सम्बन्धि व्यवस्था**

७.१ सामुदायिक स्वास्थ्य इकाईको लागि कम्तिमा जग्गाको लागि ८०० वर्ग मिटर क्षेत्रफल भएको हुनुपर्ने छ। उक्त जग्गा सम्बन्धित समुदायले व्यवस्था गर्नु पर्नेछ।

७.२ सामुदायिक स्वास्थ्य इकाईको भवन कम्तिमा ३ कोठे खानेपानी र शौचालय सहित अन्य आवश्यक भौतिक संरचना समेटि निर्माण गर्नु पर्नेछ र भौतिक संरचना निर्माणका लागि लाग्ने आर्थिक स्रोतको व्यवस्थापन झिमरुक गाउँपालिकाले गर्नेछ।

**८. कार्यविधिको व्याख्या**

(क) यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**९. बचाउ र खारेजी**

(क) यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा झिमरुक गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।

झिमरुक गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८१/०९/१८ गते पारित झिमरुक गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई स्थापना, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण कार्यविधि नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीकरण गर्दछु ।

कृष्ण बहादुर थापा
प्रमुख प्रशासकीय अधिकृत
मिति २०८१/९/२१